बैठक सञ्चालन मिति २०८०/०२/०७ गते बिहान : ८.०० बजे ।

१. **प्रस्तावहरु :**

(क) विभिन्न शिर्षकबाट रकमान्तर गर्ने सम्बन्धमा,
(ख) विभिन्न योजनामा विभिन्न कोष तथा मौज्दात रकमबाट रकम बिनियोजन गर्ने सम्बन्धमा ।
(ग) कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा VCDP को पत्र सम्बन्धमा,
(घ) नगरस्तरीय मेलमिलाप समिति गठन सम्बन्धमा

**निर्णय नं. १**

यस नगरपालिकाको एघारौं नगरसभाले रकम बिनियोजन गरेका केही शिर्षकको काम नहुने अवस्था रहेको र अन्य केही शिर्षकमा कार्यक्रम सम्पन्न गर्नको लागि रकम नपुग हुन जाँदा कार्यक्रम प्रभावित हुन जाने भएकोले देहाय बमोजिमका शिर्षकबाट देहाय बमोजिमका शिर्षकमा देहाय बमोजिमको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३२(३) बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

(क)

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | बिनियोजित बजेट | घटाउने | बढाउने | कायम हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नयाँ प्रविधिमा आधारित मेशीनरी औजार वितरण | २०,००,०००।- | १२,००,०००।- | ० | ८,००,०००।- | कार्यक्रम सञ्चालन गरी बचत हुने भएकोले |
| २ | ब्याट्री स्प्रेयर रिचार्जेवल | १७,०००००।- | ३,००,०००।- | ० | १४,००,०००।- | कार्यक्रम सञ्चालन गरी बचत हुने भएकोले |
| ३ | सिचाई कार्यक्रम ( बोरिङ्ग निर्माण तथा कुलो मर्मत) (८० प्रतिशत अनुदान) | १,००,००,०००।- | ० | १५,००,०००।- | १,१५,००,०००।- | कार्यक्रम सञ्चालन गर्न रकम नपुग हुने भएकोले |
| | | | | | | |

(ख) यस नगरपालिका क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि फोहरमैला ढुवानी गर्ने ट्याक्टरको भाडा रकम भुक्तानी २०७९ चैत्रमसान्तसम्मको भएको, फोहरमैला ढुवानी गर्ने संस्थासंगको सम्झौता अवधि २०८० बैशाख मसान्तसम्म रहेकोले सो अवधिसम्मको लागि सम्झौता बमोजिम भुक्तानी गर्नु पर्ने रकममा नपुग हुने रकम रु. १,४३,०००।- विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने र फोहरमैला व्यवस्थापनको लागि जिम्मा लिएको संस्था श्री सफा उर्जा उत्पादन प्रा.लि.को मिति २०८० बैशाख १५ देखी ऐ मसान्तसम्म म्याद थप गर्ने नगर प्रमुखको निर्णयलाई अनुमोदन गर्दै यस अवधिको भाडा रकम उक्त संस्थाको तर्फबाट यस पछि दाखिला हुने रकमबाट कट्टा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका वडा नं. १ र २ को सिमाना भएर बग्ने लदरा खोलामा वडा नं. १ तर्फ ड्याक निर्माण भई रहेको तर वडा नं. २ तर्फ ड्याक निर्माण नभएकोले तत्काल ड्याक निर्माण नभएको खण्डमा वर्षतको समयमा होचो जमिनबाट वस्तीमा पानि पस्न गई जनधनको क्षती हुने भएको साथै वडा नं. १३ र रत्ननगर नगरपालिकाको वडा नं. ५ भएर बग्ने ढुङ्ग्रे खोलामा रत्ननगर तर्फ ड्याक निर्माण भई रहेको तर खैरहनी साईडमा ड्याक निर्माण नहुँदा वर्षदको समयमा खोला पसी खेतियोग्य जनिम तथा वस्तीमा समेत ठुलो क्षती हुने भएकोले उक्त दुबै स्थानमा तत्काल खोला नियान्त्रणको लागि खोला खोल्ने तथा तटबन्धन गर्ने कार्य गर्नु पर्ने भएकोले उक्त दुबै स्थानको लागि देहाय बमोजिमको रकम देहाय बमोजिमको शिर्षकबाट बिनियोजन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | वडा नं. | कार्यक्रम/योजनाको नाम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २ | वडा नं. २ लदरी खोला तटबन्धन तथा खोला खोल्ने | १४,८०,०००।- | मर्मत संभार कोषबाट |
| २ | १३ | गौवाघाट ढुङ्ग्रे खोला पुल देखि पूर्व जनकपुर बखाफाराम तलसम्म तटबन्धन | २८,४५,०००।- | मर्मत संभार कोषबाट रु. ५२००००।- र नगरस्तरीय विविध कार्यक्रमबाट रु.२३२५०००।- |
| | | जम्मा रकम | ४३,२५,०००।- | |

**निर्णय नं. ३**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगतको फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना (VCDP) को मिति मिति २०८० बैशाख २० च.नं. ९३९ को पत्रानुसार आयोजनाको तर्फबाट यस नगरपालिकाका नगरप्रमुख श्री शशि कुमार खनियालाई अवलोकन भ्रमणमा लाग्ने सम्पूर्ण खर्च आयोजनाले नै व्यहोर्ने गरी मिति २०८०/०२/२१ देखी २०८०/०२/२७ (तदनुसार ४ जुन देखि १० जुन २०२३) सम्म थाईल्याण्ड, भियतनाम र लाओसका कृषि विकासका विविध आयामको अवलोकन भ्रमणको लागि मनोनयन गरेकोले उक्त आयोजनाले यस नगरका नगरप्रमुखलाई मनोनयन गरेकोमा आयोजनालाई धन्यवाद टक्रयाउँदै नगरप्रमुखले उक्त अवलोकन भ्रमण कार्यक्रममा सहभागिता जनाउने निर्णय गरियो । साथै उक्त अवलोकन भ्रमण कार्यक्रममा सहभागिाता हुनका लागि अनुमती प्रदान गरी दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मेलमिलाप कार्य सञ्चालन कार्यविधि २०७८ मा कार्यपालिकाले नगरस्तरीय मेलमिलाप समिति गठन गरी समितिका सदस्य मनोनयन गर्ने, मनोनयन भएका सदस्य मध्ये १ जनालाई संयोजक र एकजनालाई सदस्य सचिवको जिम्मेवारी दिन सक्ने व्यवस्था बमोजिम यस भन्दा अगाडि कार्यपालिकाको निर्णय बमोजिम गठित समितिका संयोजकले राजिनामा दिई समिति कार्य सञ्चालनमा समस्या आएकोले तपसिल बमोजिम सदस्य रहेने गरी नगरस्तरीय मेलमिलाप समिति पूर्नगठन गरी देहाय बमोजिमको जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल :

(क) श्री अशोक कुमार अधिकारी – संयोजक
(ख) श्री सुशिला पाण्डे – सदस्य
(ग) श्री तेज प्रसाद बर्तौला – सदस्य
(घ) श्री भगवती धरेल – सदस्य
(ङ) श्री कृष्ण प्रसाद थपलिया – सदस्य सचिव